# धादिङ जिल्ला अदालत

## न्यायका उपभोक्ताहरुमा विषेश अनुरोध

१. सेवा लिनको लागि अदालत प्रवेश गर्दा पासको अनिवार्य व्यवस्था गरिएकोले तारेख पर्चा देखाई प्रवेश पास लिनुहन ।

२. तारेख पर्चा नभएमा आफ्नो कामको बेहोरा जानकारी गराई आफूसँग भएको परिचय पत्र देखाई प्रवेश पास लिनुहुनु ।

३. म्याद थपमा उपस्थित गराइएका तथा नियमित पेशीको क्रममा उपस्थित गराइने थुनुवाहरुलाई प्रवेश पास अनिवार्य नगरिएको र निजको आफन्त १ जनाले परिचय पत्र देखाई प्रवेश पास लिनुहुन ।

४. अदालत भित्र प्रवेश गर्दा मर्यादित पोशाकमा आफ्नो मोवाइल स्वीच अफ गरि प्रवेश गरिदिनु होला ।

५. **सेवा प्राप्त गर्नको लागि नागरिक सहायता कक्ष कोठा नं. (क) वाट** अनिवार्य रुपमा सेवा प्रवाह टोकन कार्ड लिनुहुन ।

६. टोकन कार्डको नम्वर अनुसार आफ्नो पालोमा सम्वन्धित फाँट/शाखा र कोठावाट सेवा लिनुहन ।

७. आफूले पाएको प्रवेश पास र सेवा प्रवाह टोकन कार्ड काम सकिई अदालत बाहिर निस्किदा अनिवार्य रूपमा मूलगेटमा रहेका सुरक्षाकर्मी वा अदालतको कर्मचारीलाई फिर्ता गरी दिनहुन ।

८. आकस्मिक अवस्थामा बाहेक म्याद थप पक्राउ पुर्जी, अनुमती, कल डिटेल आदि अनुसन्धान अधिकारीबाट आएको कार्यहरु दिनको ३:३० देखि गरिनेछ ।

९. निम्न बमोजिमका सेवाहरु आइतबार देखि विहिवार दिनको ३:०० बजेसम्म र शुक्रबार दिनको १ बजेसम्म प्रदान गरिने हुनाले सोही वमोजिम गर्नुहुन ।

- फिराद, प्रतिउत्तर, अभियोग, पुनरावेदन, नक्कल लिने आदि ।
- विशेष प्रकृतिको निवेदनहरु ।
- साक्षी बकपत्रको लागि तोकिएको पहिलो दिन अपरान्ह २:०० बजे पछि र सो दिन बकपत्र सम्पन्न हुन नसकेमा भोलिपल्ट निरन्तर हुने बकपत्र विहान ११.०० बजे देखि सुरु हुने ।

१०. सेवा प्रवाहको सम्वन्धमा कुनै गुनासो भएमा श्रेस्तेदार वा तहसिलदार वा सुपरिटेन्डसंग संपर्क गर्नुहुन ।